# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission**
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

## प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० चैत १४ गते

### डा. बानियाँ र चन्दलाई 'दयाराम परियार मानव अधिकार स्मृति सम्मान'

राष्ट्रिय मानव अधिकार आयोगले २०७० सालको 'दयाराम परियार मानव अधिकार स्मृति सम्मान' बाट पाल्पाका मानव अधिकारकर्मी डा. कर्णबहादुर बानियाँ र कञ्चनपुरका मानव अधिकारकर्मी शारदा चन्दलाई सम्मान गर्ने निर्णय गरेको छ ।

आयोगका पूर्वकर्मचारी स्वर्गीय दयाराम परियारको आठौं स्मृति दिवसमा आयोगमा आयोजित स्मृतिसभामा सो निर्णय सार्वजनिक गरिएको हो ।

दयाराम परिवारले विसं २०६२ माघ २ गते राष्ट्रिय मानव अधिकार आयोगमा सेवा प्रवेश गर्नुभएको थियो । उहाँ आयोगको मध्यमाञ्चल क्षेत्रीय कार्यालय जनकपुरमा कार्यरत हुनुहुन्थ्यो ।

कर्मक्षेत्रमा खटिएकै बखत दयाराम परियारलाई २०६२ साल चैत्र ११ गते नेपाल प्रहरीले चलाएको गोली लागेको थियो । उहाँलाई उपचारका लागि त्रिवि शिक्षण अस्पताल (काठमाडौं) मा ल्याई भर्ना गरिएको थियो । उपचारकै क्रममा २०६२ साल चैत्र १५ गते उहाँको देहान्त भएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोगले घटनाको अनुसन्धान गरी घटनामा दोषी ठहरिएका प्रहरी निरीक्षक प्रकाशराज शर्मालगायतका व्यक्तिलाई कारबाहीका लागि २०६२ साल चैत २० गते सरकारलाई सिफारिस गर्ने निर्णय गरेको थियो । दोषीउपर अझै पनि कारबाही नभएकोले आयोग नेपाल सरकारको पुनः ध्यानाकर्षण गर्दछ ।

स्व. दयाराम परियारको सम्झनामा मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा योगदान पुऱ्याउने मानव अधिकारकर्मीलाई २०६८ सालदेखि 'दयाराम परियार मानव अधिकार स्मृति सम्मान' बाट आयोगले सम्मान गर्न थालेको हो ।

(वेदप्रसाद भट्टराई)
कामु सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org